# कोभिड-१९ माहामारी तथा लकडाउनको सन्दर्भमा सामुदायिक पुस्तकालयहरुलाई रिड नेपालको अपिल

हाल विश्वभर नै कोभिड-१९ ले प्रभाव पारिरहेको यस सन्र्दभमा संसारभर रहेका हरेक थरीका पुस्तकालयले आफ्ना प्रयोगकर्तालाई घरमै बस्न आग्रह गर्दै सेवाग्राहिलाई सेवा प्रदान गर्न अनेकथरी कसरतहरु गरिहेका छन् । अधिकांश पुस्तकालयहरुले भर्चुवल्ली नै आफ्ना प्रयोगकर्तालाई विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आईरहेका छन् । यसै सन्र्दभमा रिड नेपालको सहयोगमा स्थापित सामुदायिक पुस्तकालयहरुसंगको छलफल, अन्तराष्ट्रिय जगतका पुस्तकालयले गरिरहेको प्रयास तथा पुस्तकालयहरुको छाता संगठन इफ्लाको सुझावको आधारमा हालको सन्दर्भमा रिड नेपालसंग सहकार्यमा रहेका सामुदायिक पुस्तकालयहरु र स्वयम रिड नेपालको लागि तपशिल बमोजिमको अपिल जारि गरिएको व्यहोरा जानकारी गराईन्छ ।

१ सामुदायिक पुस्तकालयले हालको समयमा पाठकलाई सूचनाको पहुँचमा बिस्तार गर्ने जस्ता कार्यक्रम संचालन गर्ने, जसका निमित्त पुस्तकालय व्यवस्थापन समितिको तत्काल कुनै माध्यममार्फत बैठक बसी कार्यक्रमहरु तयार गर्ने,

२ पाठकहरुको सूचनामा पहुँच विस्तारको लागि संचारको माध्यम, जस्तै रेडियो, पत्रपत्रिका तथा इन्टरनेटको प्रयोग गर्ने,

३ पुस्तकालयको फेसबुक पेज, वेवसाईड तथा ब्लग नभए बनाउने तथा नियमित अध्यावधिक गर्ने,

४ यस्ता समयमा गलत, अप्रमाणित तथा विभिन्न अफवाहहरु अधिक नै प्रवाह हुने गर्दछ, तसर्थ पुस्तकालयले संचार साक्षरतासंग सम्बन्धित सचेतनात्मक सूचना प्रवाह गर्ने

५ नेपाल सरकारको आधिकारिक वेवसाईट, विभिन्न संघ संस्था तथा अन्तराष्ट्रिय निकायका आधिकारिक वेवसाईट तथा पत्रपत्रिकाबाट कोभिड १९ संग सम्बन्धित सूचना तथा जानकारी संकलन गर्ने,

६ संकलित सूचना तथा जानकारीलाई स्थानीय स्तरका भाषामा (यदि आवश्यक भएमा) सूचना सामग्री बनाउने,

७ यस्ता सामग्रीहरु बनाउदा विभिन्न पोष्टर, इन्फोग्राफी, टिकटक, भिडियो आदि सामग्री बनाउन सकिने छ,

८ नेपाल सरकारका कोभिड-१९ संग सम्बन्धित सूचना तथा जानकारीसंग सधै अध्यावधिक रहने

९ स्थानीय सरकार संग नियमित सम्पर्कमा रहने तथा स्थानीय सरकारबाट संचालित हुने विभिन्न कार्यक्रम, तथा सूचना एवं जानकारीलाई नियमित विभिन्न सामग्री तयार गर्दै पुस्तकालयको आधिकारिक पेजबाट तथा स्थानीय सूचना प्रशारण गर्ने संचार माध्यमबाट प्रशारण गर्ने,

१० स्थानीय स्तरमा स्थानीय समुदायको कोभिड-१९ संग सम्बन्धित गुनासो तथा जिज्ञासा फोन तथा इमेलमार्फत संकलन गर्ने वातावरण तयार गर्ने तथा त्यस संग सम्बन्धित सामग्री तयार गर्दै प्रशारण गर्ने,

११ स्थानीय स्तरका स्वास्थ्यसंग सम्बन्धित संस्था, व्यक्ति, सामुदायिक अगुवा, स्थानीय सरकारको जनसम्पर्क व्यक्तित्व संगको समन्वय र सम्पर्क स्थापित गर्ने र आवस्यक समन्वयकारी भूमिका निर्वाह गर्ने,

१२ स्थानीय स्तरमा गठित कोभिड-१९ प्रतिकार्य समितिसंग नजिकको सम्पर्कमा रहदै आवश्यक सहकार्य तथा सहयोग प्रदान गर्ने,

१३ पाठकहरुको अध्ययन रुची विस्तारको लागि विभिन्न प्रशिद्ध पुस्तकको खण्ड, पुस्तकको विशेषता लेखकको परिचय जस्ता सामग्री तयार पार्ने तथा पोष्ट गर्ने,

१४ स्थानीय विद्यालय, शिक्षक, तथा विषय विशेषज्ञसंगको समन्वयमा फोन वा ईन्टरनेटको माध्यम बाटै हाजिरीजवाफ, वक्तृत्व कला तथा निबन्ध प्रतियोगिताहरु संचालन गर्ने,

१५ यसका अलवा स्थानीय स्तरमा उपयुक्त देखिएका हालको अवस्थालाई मध्यनजर गर्दै विभिन्न कार्यक्रम तयार पार्दै संचालन गर्ने,

## रिड नेपालको भूमिका

१ सम्पूर्ण सामुदायिक पुस्तकालयसंग नियमित सम्पर्क तथा समन्वयलाई चुस्त बनाउने तथा रिड नेपालमा सम्पर्क व्यक्तिको व्यवस्था गर्ने,

२ प्राविधिक सहयोग उपलब्ध गराउने,

- फेसवुक पेज तथा ब्लग बनाउन सहयोय पुचाउने (प्रभावकारी गाईडलाइन तयार गर्ने र प्रशिक्षण गर्ने),
- मिडिया साक्षरतासंग सम्बन्धित सामग्री तयार गर्न सहयोग गर्ने (प्रभावकारी गाईडलाइन तयार गर्ने र प्रशिक्षण गर्ने),
- मिडिया सामग्री तयार गर्नको लागि आवश्यक पर्ने विभिन्न सफ्टवयर तथा एप्लिकेशनको खोजी गर्ने तथा प्रशिक्षण प्रदान गर्ने, (हालको समयमा क्यान्भा जस्ता एप्लिकेशनहरु निकै प्रभावकारी हुन सक्छ) (प्रभावकारी एप्लिकेशनको गाईडलाइन तयार गर्ने र प्रशिक्षण गर्ने),

३ आधिकारीक सुचना संकलन तथा सूचना प्राप्त गर्न सकिने श्रोतको खोजि गर्दै समुदायमा उपलब्ध गराउने,

४ केन्द्रिय स्तरमा पुस्तकालयको आवश्यकता अनुसारको समन्वय विस्तारमा भूमिका निर्वाह गर्ने,

५ स्थानीय स्तरमा कुनै जिज्ञासा तथा समस्या भए समाधानको लागि आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने ।

६ सामुदायिक पुस्तकालयहरु अर्ध मासिक रुपमा पुस्तकालयको क्रियाकलापहरुको अध्यावधिक गर्ने ।